का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ जेठ २०८०,
शनिबार
27 May 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १२१ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com



# आक्रोशित एमाले

**नेताहरुका अनुसार एमालेले पशुपतिनाथको जलहरीमा सुनको सट्टा पित्तल हालेको भन्ने माओवादी सांसद लेखनाथ दाहालले माफी माग्नुपर्ने एकसूत्रीय अडान राखिरहेका छन् ।**



पशुपतिमा सुनको जलहरी चलाउँछु भनेर पित्तलको जलहरी चलाएर भ्रष्टाचार गर्‍यो भनेर बोले । रकम दिएपछि सुन कि पित्तल ट्वाक ट्वाक पार्न गएको थिएँ म । गलत भएको छैन् । तर बकबास आरोप लगाइयो । हुनैपर्छ संसद अवरुद्ध किनभने यस्तो बकबास ! एउटा जँड्याहाले जाँड खाएको तालमा पनि यस्तो बोलेर हिंड्दैन ।

**केपी ओली**
अध्यक्ष, एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

प्रमुख विपक्षी दल नेकपा एमालेको अवरोधका कारण २० मिनेटका लागि स्थगित भएको प्रतिनिधिसभाको बैठक फेरि बस्दै नबसी शनिवारका लागि लागि सरेको छ ।

नेताहरुका अनुसार सभामुख देवराज घिमिरेको कार्यकक्षमा पटक-पटक औपचारिक रुपमैसर्वदलीय बैठक बसे पनि पशुपतिनाथको मन्दिरमा राखेको जलहरीबारे उठेको प्रश्न र त्यसउपर संसदले गर्न सक्ने कार्यका सम्बन्धमा निचोड निकाल्न सकेन । त्यसैले सभामुख घिमिरेले भोलि ४ बजेका लागि बैठक सारेका छन् ।

नेताहरुका अनुसार एमालेले पशुपतिनाथको जलहरीमा सुनको सट्टा एमाले अध्यक्ष केपी शर्मा ओलीले पित्तल हालेको भन्ने माओवादी सांसद लेखनाथ दाहालले माफी माग्नुपर्ने एकसूत्रीय अडान राखिरहेका छन् । माओवादी केन्द्रले माफी नमाग्ने बरु यस विषयमा अध्ययन गर्न संसदीय छानबिन समिति गठन गर्ने र त्यसमार्फत अगाडि बढ्नुपर्ने प्रस्ताव गरेको छ ।

एमालेको अवरोधका कारण बैठक कार्य सूचीमा प्रवेश नै नगरी पौने १ बजे स्थगित भएको थियो । त्यसपछि पनि संघीय संसद सचिवालयका महासचिव भरतराज गौतमले दुई पटक सूचना टाँस गरेर प्रतिनिधिसभाको बैठक स्थगित गरेका थिए ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक सहमतिको प्रयास भइरहेको बताउँछन् । उनले पशुपतिमा रहेको जलहरीको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान >>> पृष्ठ २ मा

# रेशम चौधरीलाई माफी दिने बाटो खुला

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

टिकापुर घटनाका संलग्न रहेको आरोप लागेका रेशम चौधरीलाई सजाय माफी दिने बाटो हुला भएको छ । सजाय माफी नदिने भन्ने निर्णय गर्ने ठाउँ पनि छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले कैलालीको टीकापुर घटनामा दोषी ठहर भएका पूर्वसांसद चौधरीको सजाय माफी निवेदनउपर कारबाही गर्न आदेश दिएसँगै अब सरकारलाई त्यसबारे निर्णय गर्न बाटो खुलेको हो ।

अब चौधरीलाई सजाय माफी गर्ने वा नगर्ने भन्नेबारे गृह मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले अन्तिम निर्णय लिनेछ । चौधरीलाई सजाय माफी दिने विषयमा सत्ता गठबन्धनमा यसअघि नै सहमति भइसकेको छ ।

चौधरीको निवेदन राष्ट्रपति कार्यालय पुगेकै दिन प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रपति पौडेललाई भेटेर त्यसबारे छलफल गरेका थिए ।



गृह मन्त्रालय स्रोतका अनुसार राष्ट्रपतिबाट तोक लागेर आएको फाइलमा अब महान्यायाधिवक्ता कार्यालयको राय बुझिनेछ । त्यसपछि गृहले प्रस्ताव तयार गरी मन्त्रिपरिषदमा पेस गर्ने तयारी छ ।

सजाय माफीका लागि चौधरीले दिएको निवेदन बुधबार दिउँसो नै गृह मन्त्रालयमार्फत राष्ट्रपतिसमक्ष पुगेको थियो । राष्ट्रपतिबाट निवेदनउपर कानुनबमोजिम कारबाही गर्न तोकादेश प्राप्त भएपछि राष्ट्रपति कार्यालयले शुक्रबार चौधरीको सजाय माफीको फाइल गृह मन्त्रालय फिर्ता पठाएको छ ।

राष्ट्रपतिका प्रेस संयोजक खिला कार्की राष्ट्रपति कार्यालयले चौधरीको निवेदन अध्ययनपछि कार्यार्थका लागि गृह मन्त्रालयलाई नै फिर्ता पठाएको बताउँछन् । उनका अनुसार राष्ट्रपतिले प्रचलित कानुन, यससम्बन्धी अदालतबाट भएको फैसला र सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्तविपरीत नहुने गरी कानुनबमोजिम गर्नू भनेर कार्यार्थ लेखेका छन् । हाल काठमाडौंको डिल्लीबजार कारागारमा रहेका चौधरीको मुद्दामा गत २ जेठमा मात्रै सर्वोच्च >>> पृष्ठ २ मा

# ‘पर्ख र हेर’मा सिके राउत

संघीय संसदमा ६ सांसद मात्रै रहेको जनमत पार्टीले अहिलेको सरकारबारे गर्ने निर्णय भावी राजनीतिका निम्ति अर्थपूर्ण हुन सक्छ । तर शुक्रबार बसेको केन्द्रीय समिति बैठकबाट पनि जनमत पार्टीले कुनै निर्णय लिएन ।



**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

आगामी आर्थिक वर्षको बजेट आएपछि मात्रै जनमत पार्टीले सरकारबारे निर्णय गर्ने भएको छ । काठमाडौंमा शुक्रबार बसेको केन्द्रीय कार्य समितिको बैठकले सरकारबारे कुनै निर्णय लिएन । ‘अहिले सरकारबारे कुनै निर्णयमा पुगेनौं । बजेटपछि मात्रै यसबारे निर्णय हुन्छ’, प्रवक्ता बीपी साहले भने ।

सरकारबाट बाहिरिएपनि जनमत पार्टीले समर्थन फिर्ता लिएको छैन । गत ११ पुसमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शपथ लिदा जनमत पार्टी पनि सरकारमा गएको थियो । जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले त्यसबेला बिना विभागीय मन्त्रीको शपथ लिएका थिए । ३ माघमा मन्त्रिपरिषद् बिस्तार हुँदा खानेपानी तथा सरसफाइ मन्त्रालयको जिम्मेवारी पाएपनि १७ चैतमा राजीनामा बुझाइ सकेका छन् ।

जनमत पार्टीले दावी गरेको उद्योग मन्त्रालय नपाएपछि जनमत पार्टीले सरकार छोडेको थियो । सरकारबाट बाहिरिएपछि सत्ता गठबन्धनसँग दुरी राखेर निर्णय लिदै आएको छ । गत १० वैशाखमा सम्पन्न उपनिर्वाचनमा जनमत पार्टीले बारा-२ का लागि शिवचन्द्र कुशवाहलाई उम्मेद्वार बनाएको थियो । तर सत्ता गठबन्धनले यो निर्वाचन क्षेत्रमा जनता समाजवादी >>> पृष्ठ २ मा

# नागरिकता विधेयक प्रमाणीकरण गर्न सरकारको आग्रह

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

सरकारले संघीय संसदबाट पारित भएर राष्ट्रपति कार्यालयमा अलपत्र परेको नागरिकता विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

शुक्रबारको मन्त्रिपरिषद बैठकले गत असोजदेखि राष्ट्रपति कार्यालयमा निर्णयविहीन अवस्थामा रहेको विधेयक प्रमाणीकरण गर्न अनुरोध गर्ने निर्णय गरेको हो ।

निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी राष्ट्रपतिको कार्यालयमा अलपत्र पारेको नागरिकता विधेयक कसरी टुंगो लगाउने भन्नेबारे राष्ट्रपति रामचन्द्र पौडेल कानुनी परामर्शमा थिए । उनले विधेयक प्रमाणीकरण गर्ने आधार र कानुनी धरातलबारे बारम्बार जिज्ञासा राखेका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहालले महान्यायाधिवक्ता सहित संवैधानिक मामिलाका कानुन व्यवसायीहरुसँग विधेयक अघि बढाउनेबारे परामर्श गरेका थिए ।

आफ्नो सन्देश सहित एक पटक फर्काएको विधेयक हुबहु फेरि पेश भएपछि निवर्तमान राष्ट्रपति भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरी अलपत्र छाडेकी थिइन् । त्यतिबेला अलपत्र छाडिएको विधेयक अघि बढाउन सरकारले पत्र लेखेको हो ।

संघीय संसदले दोस्रोपटक पेश भएको विधेयक १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक प्रावधान छ । समयसीमा कटेपछि प्रमाणीकरण गर्न बाधा भएको अर्थमा बुझ्न नहुनेबारे भन्दै महान्यायाधिवक्ता लगायत कतिपय कानुनविद्ले विधेयक प्रमाणीकरण गर्न सल्लाह दिएका थिए ।

त्यतिबेला राष्ट्रपति विद्यादेवी भण्डारीले विधेयक पेश गर्नेमध्ये प्रतिनिधिसभाको पदावधि सकिएकाले नयाँ जनादेश सहितको प्रतिनिधिसभाले फेरि विधेयक पेश गरे विचार गर्ने जवाफ लेखेकी थिइन् ।

त्यसक्रममा सबैले कुनै टुंगो नलागेर राष्ट्रपति कार्यालयमा विधेयक अलपत्र परेको अवस्थामा संसदमा नयाँ विधेयक लैजान नसकिने, विधेयक फिर्ता हुने सम्भावना पनि नभएकाले प्रमाणीकरण >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियन रिँगेट निरन्तर कमजोर

## रोजगारीमाथि प्रतिकुलता थप्ने चिन्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ जेठ

ठूलो संख्यामा नेपाली कामदार कार्यरत मलेसियामा त्यहाँको मुद्रा रिँगेट निरन्तर कमजोर बनेको छ । रिँगेट अमेरिकी डलरको तुलनामा मात्रै नभएर नेपाली रूपैयाँको सटही दरमा पनि केही हप्तायता कमजोर देखिएको छ । तीन हप्ताअघि एक रिँगेट २९ रूपैयाँ ४९ पैसामा कारोबार भएकोमा शुक्रबार एक रिँगेट २८ रूपैयाँ ८७ पैसामा कारोबार भएको छ ।

निरन्तररूपमा रिँगेट कमजोर भएपछि मलेसियाको केन्द्रीय सरकारी बैंक नेगारा मलेसिया (बीएनएम)ले रिँगेट गिरावटको पछाडि आन्तरिकभन्दा बाह्य कारकहरू जिम्मेवार रहेको बताएको छ । बैंक नेगारा मलेसियाले अमेरिकी डलर र सिंगापुर डलरजस्ता प्रमुख मुद्राको तुलनामा रिँगेटमा आएको तीव्र गिरावट ‘बाह्य घटनाक्रम’को कारणले भएको र मलेसियाको अर्थतन्त्रमा कमजोरीको संकेत नभएको समेत दाबी गरेको छ ।

मलेसियालगायत अधिकांश विकासशील अर्थतन्त्रहरूबाट लगानीकर्ताको बहिर्गमन र लगानीकर्ताहरूले आफ्नो लगानीको सुरक्षा गर्न खोज्दा अमेरिकी डलर बलियो र रिँगेट कमजोर हुने बैंक नेगारा मलेसियाको भनाइ >>> पृष्ठ २ मा

### मृतक नरेशका परिवारलाई मलेसियाबाट ११ लाख सहयोग

**रौतहट/मस-** मलेसियामा बस्ने नेपालीहरुले मृतक नरेश रामको परिवारलाई आर्थिक सहयोग गरेका छन् । रौतहट यमुनामाई गाउँपालिका वडा नम्बर ४ का २२ वर्षीय रामको २०७९ चैत १५ गते मलेसियामै निधन भएको थियो । उनी ४ वर्ष पहिले मलेसिया गएका थिए ।

मृतक नरेशका परिवारलाई जीवनयापनका लागि मलेसियामा बस्ने नेपालीहरुले चन्दा संकलन गरी ११ लाख ४५ हजार ८ सय ८० रुपैयाँ जिएस समाजसेवा युवा क्लवमार्फत पठाएका हुन् । उक्त रकम नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले मृतकका आमा, बुवा माधो >>> पृष्ठ २ मा

# सास्ती खेप्दै सहकारीका बचतकर्ता

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

काठमाडौं निवासी ७० वर्षीय गौरीलाल श्रेष्ठ केही महिनादेखि वानेश्वरमा रहेको सहकारी विभागमा बारम्बार धाईरहेका छन् । भक्तपुर सहित देशका विभिन्न स्थानमा शाखा रहेको शिवशिखर नामक सहकारीका सञ्चालकहरु भागेपछि उनी पैसा दिलाइदिने आशमा बारम्बार सहकारी विभाग पुगेका हुन् । म त यसै बुढो मान्छे, झन् सहकारीमा भएको अलिअलि पैसा पनि डुबेपछि म बिरामी भए, साह्रै दुख लागेको छ,’ आँखा रसिलो बनाउँदै श्रेष्ठले भने । उनीसँगै विभागमा आएकी ५० वर्षीय पूर्णलक्ष्मी श्रेष्ठको पीडा पनि गौरीलालको भन्दा कम छैन । ब्याजको आशमा आमाछोराको खाता खोलेर पैसा जम्मा गरेकी उनी महिनौंदेखि विभागमा धाईरहेकी छिन् । तरपनि उनको समस्या भने समाधान हुन सकेको छैन ।



*पीडित बचतकर्ता*

शिव शिखर सहकारीको कुल १४ अर्ब निक्षेप हिनामिना भएकोमा पूर्वअध्यक्ष केदारनाथ शर्मा र श्रीमती गीताले मात्र करिब १० अर्ब दुरुपयोग गरेको प्रहरीको प्रारम्भिक अनुसन्धान देखाएको छ । पीडितसँग उजुरी लिएर ठगी मुद्दामा कारबाही अघि बढाउन सो सहकारीको शाखा कार्यालय रहेको जिल्लाका प्रहरी कार्यालयलाई पत्राचार समेत गरेको छ ।

सहकारीमा मूल्य मान्यता बाहिर गएर तत्काल नाफा कमाउने उदेश्यले घर जग्गा र सेयरबजारमा गरेको लगानी उठाउन नसकेपछि सहकारीहरुमा समस्या बढ्न थालेको सहकारीविद् विष्णु गिरी बताउँछन् ।‘चर्चामा आएजस्तो सहकारी क्षेत्र संकटमा छैन । अनुत्पादक क्षेत्रमा लगानी गर्दा समस्या बढेको देखिन्छ । तर, अब तीनै तहका सरकारसँगको समन्वयमा संकट समाधानमा लाग्नुको विकल्प छैन’ उनले भने ।

सहकारीबाट भएको ठगी, बचत रकम फिर्ता नगरेको र रकम हिनामिना लगायतका विषयमा जाहेरी दिन आउनेको संख्या उच्च रहेको सहकारी विभागको तथ्यांकले पनि देखाउँछ । ‘पछिल्ला दिनमा उजुरी दिन आउनेको संख्या बढेको छ, विभागले उजुरीमाथि अनुसन्धान गरेर धेरै मुद्दा फर्स्योट गरिसकेको छ भने केही मुद्दाहरु समाधान गर्ने प्रयास भईरहेको छ, >>> पृष्ठ २ मा

नक्कली शरणार्थी प्रकरण

# पक्राउ परेकाहरुको बयान शुरु

मध्यान्ह संवाददाता
काठमाडौं, १२ जेठ

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १६ जना प्रतिवादीहरुको बयान लिन शुरु गरिएको छ। शुक्रबारदेखि काठमाडौं जिल्ला अदालतमा बयान लिन शुरु भएको हो ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका दुई जनाको बयान सकिएको छ। शुक्रबार काठमाडौं जिल्ला अदालतमा दुई जनाको बयान सकिएको हो । जिल्ला अदालत काठमाडौंका जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा सागर राई र केशव प्रसाद दुलालको बयान सकिएको छ। उनीहरू भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका थिए । अरू आरोपितको बयान क्रमशः हुँदै जानेछ। अब आइतबार पनि बयान जारी रहनेछ ।

नेपाली नागरिकलाई नक्कली भूटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै भएको ठगी प्रकरणमा पक्राउ परेका दुलाल यो ठगी प्रकरणका



मुख्य बिचौलिया रहेको पाइएको छ । पूर्ववडाध्यक्षसमेत रहेका राई पनि यो ठगी प्रकरणमा बिचौलिया रहेको खुलेपछि पक्राउ गरिएको थियो ।

नेपालीहरूलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउन खोज्ने ३० जनाविरूद्ध बुधबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको थियो ।

पूर्वउपप्रधानमन्त्री एवम् नेकपा एमालेका नेता टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री एवम् नेपाली कांग्रेसका बालकृष्ण खाण, उपराष्ट्रपति कार्यालयका बहालवाला सचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा विज्ञ इन्द्रजित राईलगायत उच्च पदस्थहरू जोडिएको मुद्दामा अमेरिका पठाइदिने भन्दै झन्डै २९ करोड रुपैयाँ उठाइएको आरोप छ । प्रहरीले यस प्रकरणमा १७ जनालाई पक्राउ गरेकोमा अझै १३ जना भने फरार छन् ।

**थप एक पक्राउ**

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको अभियोगमा प्रहरीले थप एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा प्रहरीको फरार सूचीमा रहेकी लक्ष्मी महर्जन रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

उनका अनुसार महर्जनको खातामा ठगी गरेको रकम जम्मा गरिएको प्रहरी अनुसन्धानबाट खुलेको छ। सन्देश शर्माले लक्ष्मीको खाता नम्बर पठाएअनुसार गजेन्द्र बुढाथोकीले लाखौं रुपैयाँ जम्मा गरेको अनुसन्धानबाट खुलेको छ। पक्राउ परेकी महर्जनलाई प्रहरीले शुक्रबार जिल्ला अदालतमा उपस्थित गराइ हिरासतमा राखिएको जनाएको छ ।

### आक्रोशित...

आयोगमा छलफलमा रहेको उल्लेख गर्ने र प्रमुख प्रतिपक्षी दलको नेतालाई लगाएको आरोप उचित नरहेको भनेर जाने प्रस्ताव समेत राखेका छन् । तथापि, प्रतिनिधिसभाको बैठक सुरु हुन सकेन र भोलि शनिबार ४ बजेका लागि सऱ्यो। बैठकमा नीति तथा कार्यक्रमका बारेमा उठेका प्रश्नको आज प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जवाफ दिने तयारी थियो।

नीति तथा कार्यक्रम पारित गर्ने दिन पारेर एमालेले आफ्नो विषय उठाउनुलाई कतिपयले असहयोगको नीति लिएको आशंका गरेका छन् । कतिपयले एमालेले संसदमा आफ्नो उपस्थिति देखाउन खोजेको रुपमा लिएका छन्। स्वयम एमाले भने आक्रोशित रुपमा सदनमा र सदन बाहिर समेत प्रस्तुत भएको छ ।

संसदमा आफ्नो पार्टीका सांसदलाई अवरोध गर्न लगाएर एमाले अध्यक्ष ओली सार्वजनिक कार्यक्रममा गएका थिए । उक्त बैठकमार्फत उनले संसद बैठक अवरोध गर्नैपर्ने भनी त्यसको वकालत गरेका थिए ।

नक्कली भुटानी शरणार्थी प्रकरणको बाढी एमालेतिर खन्याउन खोजिएको उनको दाबी छ । पछिल्लो पटक संसदमै पशुपतिनाथ मन्दिरमा जलहरी राख्दा सुनको साटो पित्तल राखेको भन्नु गैरजिम्मेवारीको हद भएको उनले बताए ।

स्थानीय तहका जनप्रतिनिधिहरुको प्रशिक्षणमा एमाले अध्यक्ष ओलीले भुटानी शरणार्थी प्रकरण एमालेले नै चलाएको जसरी प्रचार गरिएको भन्दै असन्तुष्टि जनाए । एमाले, त्यसमा पनि आफ्नो नजिक रहेका भनिएका मानिसहरुलाई कसरी पोल्ने र त्यसलाई प्रचार गरेर हिलो छ्याप्न खोजिएको उनले बताए ।

सरकारको नीति तथा कार्यक्रममा कमजोरी देखाउँदा आफूविरुद्ध सत्तारुढ सांसदले गैरजिम्मेवार टिप्पणी गरेको उनले बताए । उनले भने, ‘ एक जना माओवादी सांसदले रोष्टममा उभिएर बोल्दा कोभिडको औषधिमा २ अर्ब केपी ओलीले खायो । कहाँ गयो त्यो ? पशुपतिमा सुनको जलहरी चलाउँछु भनेर पित्तलको जलहरी चलाएर भ्रष्टाचार गर्यो भनेर बोले ।’ त्यो भनाइ अनुत्तरदायी मात्र होइन, गैर जिम्मेवारको हद भएको उनले बताए । ‘रकम दिएपछि सुन कि पित्तल ट्वाक ट्वाक पार्न गएको थिएँ म ?’ उनले भने, ‘यस्ता यस्ता मान्छेहरु संसदमा पुगेका छन् कि कुनै सामाजिक मर्यादा पनि नबुझ्ने ?’ यसलाई लिएर संसद अवरुद्ध भएको भन्दै उनले भने, ‘हुनैपर्छ संसद अवरुद्ध किनभने यस्तो वकवास ‘ एउटा जँड्याहाले जाँड खाएको तालमा पनि यस्तो बोलेर हिंड्दैन ।’

### रेशम...

अदालतबाट अन्तिम फैसला भएको थियो । संविधानको धारा-२७६ मा राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने उल्लेख छ । मुलुकी फौजदारी कार्यविधि संहिताले त्यसरी राष्ट्रपतिबाट सजाय माफी पाउन गृह मन्त्रालयमार्फत राष्ट्रपतिसमक्ष निवेदन दिनुपर्ने व्यवस्था गरेको छ ।

निवेदनउपर कारबाहीका लागि राष्ट्रपतिबाट आदेश भएमा गृह मन्त्रालयले कानुनबमोजिम सजाय माफीको प्रस्ताव मन्त्रिपरिषदमा लैजाने र मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले सजाय माफी गर्ने ऐनमा व्यवस्था छ ।

ऐनको दफा-१५९ ९३० मा त्यस्तो निवेदनउपर आवश्यक कारबाहीको लागि राष्ट्रपतिले गृह मन्त्रालयमा पठाएमा सो मन्त्रालयले कसुरको प्रकृति र कसूर गर्दाको अवस्था, कसूरदारको उमेर तथा शारीरिक अवस्था, कसूरदारलाई तोकिएको सजायको हद, निजले भोगेको सजाय लगायतका आधारमा निजलाई सजाय माफी गर्ने, मुल्तवी राख्ने, परिवर्तन गर्ने वा कम गर्नेबारे गृह मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न सक्ने उल्लेख छ ।

गृह मन्त्रालय स्रोतका अनुसार राष्ट्रपतिबाट तोक लागेर आएको फाइलमा अब महान्यायधिवक्ता कार्यालयको राय बुझिनेछ । त्यसपछि गृहले प्रस्ताव तयार गरी मन्त्रिपरिषदमा पेस गर्ने तयारी छ।

तर चौधरीलाई सजाय माफीको निर्णय गर्न सोही ऐनको उपदफा-४ को व्यवस्था भने सरकारका लागि बाधक बन्न सक्छ । सो दफामा भ्रष्टाचार, यातना, जबरजस्ती करणी, क्रूर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विस्फोटक पदार्थ, अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता, मानव बेचबिखन तथा ओसारपसार, सम्पत्ति शुद्धीकरणलगायत मुद्दाका कसुरदारलाई सजाय माफी गर्न नमिल्ने उल्लेख छ ।

### पर्ख...

पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवलाई उम्मेद्वार बनाएको थियो। यादवले उपनिर्वाचन जित्दा कुशवाह निकटतम प्रतिस्पर्धी बने। संघीय सरकारबाट बाहिरिने र उपनिर्वाचनमा प्रतिस्पर्धामा उत्रिएकाले सत्ता गठबन्धनसँग जनमत पार्टीको खटपट बढेको छ।

तर अहिलेसम्म संघीय सरकारबाट समर्थन फिर्ता लिएको छैन । संघीय सरकारमा जनमत पार्टीसँग ६ सांसद मात्रै भएपनि संघीय संसदको समीकरणका कारणले उसको निर्णय आगामी राजनीतिका निम्ति अर्थपूर्ण छ । प्रचण्डलाई १० पुसमा प्रधानमन्त्री बनाउन समर्थन गरेका दलहरु नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले समर्थन फिर्ता लिइसकेकाले पनि जनमत पार्टीको निर्णयले अर्थ राख्छ ।

तर जनमत पार्टीले अहिलेकै सरकारले ल्याउने बजेटसम्म कुनै निर्णय नलिने भएको छ । यसको असर मधेश प्रदेशमा पनि पर्नेछ । जसपा नेतृत्वको मधेश सरकारमा जनमत पार्टीका नेताहरु अहिले पनि मन्त्री छन् । त्यसबारे कुनै निर्णय नलिएर जनमत पार्टीले सरकारको प्रतिक्रिया कुर्ने रणनीति लिएको देखिन्छ ।

सँगै जनमत पार्टीले केन्द्रीय कार्य समिति सदस्य थप गर्ने, कार्यकारिणी समिति बनाउने, सचिवालय गठन गर्ने निर्णय पनि गरेको छ । यही बैठकबाट समानुपातिक सांसद सोनु मुर्मुर र विनिता सिंहलाई फिर्ता बोलाउन प्रक्रिया अगाडि बढाउने निर्णय पनि गरेको छ ।

### नागरिकता...

नै सही विकल्प भएको सुझाव दिएका थिए । संघीय संसदबाट पारित भएको नागरिकता विधेयकलाई निवर्तमान राष्ट्रपति भण्डारीले सन्देश सहित फिर्ता पठाएकी थिइन् । संसदले हुबहु पारित गरेर फेरि पठाएपछि उनले प्रमाणीकरण नगरी विधेयक त्यत्तिकै अलपत्र पारेकी थिइन् ।

### मृतक...

राम र मिनका देवी रामलाई हस्तान्तरण गरेका छन् ।

रकम हस्तान्तरण कार्यक्रममा वडा अध्यक्ष अश्विनी कुमार यादवले सहयोगी दाताहरुलाई धन्यवाद दिए । सहयोग पठाउने आयोजक संस्थाका उपाध्यक्ष विजय जयसवालको अध्यक्षतामा भएको हस्तान्तरण कार्यक्रममा संस्थाका सदस्यहरु मिथुन विराजी यादव, दिनेश जयसवाल, भुवन कार्की, नेपाल पत्रकार महासंघका प्रदेश सदस्य शैलेन्द्र झासहित पत्रकार, स्थानीयको उपस्थिति रहेको थियो।

### मलेसियन...

छ । तर मलेसियामा लगानी गरिरहेका बहुराष्ट्रिय कम्पनीहरूले मलेसियामा सरकार र प्रतिपक्षीबीच सम्बन्ध मैत्रीपूर्ण नभएको कारणले मलेसियामा विदेशी लगानीमाथि जोखिम बढाएको टिप्पणी गरेका छन् ।

नयाँ योजना ल्याउनुभन्दा वर्तमान सरकार निवर्तमान प्रधानमन्त्री अब्दुल रज्जाकका पालामा भएको भनिएको भ्रष्टाचारविरूद्ध मात्रै केन्द्रित भएकोले विदेशी लगानी पलायनको बाटोमा रहेको उनीहरूको भनाइ छ। नयाँ लगानी नआउने र विदेशी लगानी पनि पलायनको बाटोमा गए रोजगारी घट्ने उनीहरूले बताउने गरेका छन् ।

### मृतक...

राम र मिनका देवी रामलाई हस्तान्तरण गरेका छन् ।

रकम हस्तान्तरण कार्यक्रममा वडा अध्यक्ष अश्विनी कुमार यादवले सहयोगी दाताहरुलाई धन्यवाद दिए । सहयोग पठाउने आयोजक संस्थाका उपाध्यक्ष विजय जयसवालको अध्यक्षतामा भएको हस्तान्तरण कार्यक्रममा संस्थाका सदस्यहरु मिथुन विराजी यादव, दिनेश जयसवाल, भुवन कार्की, नेपाल पत्रकार महासंघका प्रदेश सदस्य शैलेन्द्र झासहित पत्रकार, स्थानीयको उपस्थिति रहेको थियो।

### सास्ती...

’सहकारी विभागका उपरजिष्ट्रार टोलराज उपाध्यायले भने । उनले हालसम्म ७ सय बढी मुद्धाको छिनोफानो भईसकेको जानकारी दिएका हुन्। कानुनतः निक्षेपको १० देखि २० प्रतिशत तरलता व्यवस्था गर्नुपर्ने भएपनि सहकारी संस्थाहरुले त्यसलाई पालना गरेका छैनन् ।

सहकारी विभागका अनुसार देशभर कुल २९ हजार ८८६ सहकारी रहेकोमा १ प्रतिशत संघ, १९ प्रतिशत प्रदेश र ८० प्रतिशत स्थानीय सरकारको मातहतमा रहेका छन् । सहकारीको उद्देश्य र सिद्धान्त अनुसार सञ्चालन गराउन नीति-नियम र नियमनमा कडाइ गरिनुपर्ने देखिन्छ। त्यस्तै, सरकारले अनुमति दिएका बचत तथा ऋण सहकारीले रकम हिनामिना गरेमा फिर्ता गर्ने दायित्व पनि सरकारले लिनुपर्ने विज्ञहरु बताउँछन् ।

## रौतहट डायरी

प्रेमचन्द्र झा/मध्यान्ह

# गौर राइस मिल चौरलाई अधिग्रहण गर्न १५ करोड दिन्छौं: मुख्यमन्त्री यादव

मधेस प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले गौर राइस मिल चौरलाई अधिग्रहण गराउन १५ करोड रुपैयाँ विनियोजन गर्ने प्रतिवद्धता जनाएका छन् ।

मुख्यमन्त्री यादवले गौरमा पत्रकारहरूसँग संक्षिप्त कुराकानी गर्दै आफ्नै कार्यकालमा गौर राइस मिल सार्वजनिक स्थलको रुपमा विकास गरिसक्ने बताए ।



यस्तै पत्रकारले सोधेको एक प्रश्नमा उनले भने, ‘बेटी पढाउ, बेटी बचाउ’ कार्यक्रम धेरै राम्रो थियो । तर सम्बन्धित निकायमा मुद्दा चलिरहेको छ । जबसम्म यसमा कुनै टुंगो लाग्दैन तबसम्म त्यसमा चाहेर पनि केही गर्न सक्दैनौं ।’ यस्तै मुख्यमन्त्री यादवले छोरीको बीमा कार्यक्रमले भने निरन्तरता पाइरहेको बताए ।

# गौर नगरप्रमुखको एक वर्षे उपलब्धि सार्वजनिक




रौतहट गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले एक वर्षे उपलब्धि सार्वजनिक गरेका छन्। सो अवधिमा वर्षौंदेखिको अलपत्र सडक, नाला तथा विद्यालय भवन बनाएको उनले दाबी गरेका छन्। एक वर्षे कार्यकालमा नगरभित्रका ३ किलोमिटर आरसीसी सडक ढलान, ३ किलो मिटर नाला, १ किलो मिटर सडक ग्रावेल र १ किलो मिटर नयाँ सडक ट्र्याक खोलेको नगरप्रमुख साहले बताए। उनले टाउन हल, विवाह मण्डप, स्मार्ट सिटी अन्तरगत भित्री बाटो बन्दै गरेको पनि बताए । झुलुङ्गे पुल, कलाकुन्ज पुस्तकालय, नाला, विद्युत् पोल, बानेश्वर मन्दिर, राम जानकी मन्दिर, विभिन्न विद्यालयमा तल्ला थप्ने काम समेत एक वर्षको अवधिमा भएको उनको भनाइ छ ।

मधेश प्रदेशमा न्यूनतम सर्त मापन कार्यमा १ सय ३६ मध्ये नगरपालिका पहिलो भएको पनि उनले जानकारी गराए । सो अवसरमा नगर उपप्रमुख शैलदेवी, निमित्त प्रमुख प्रशासकीय अधिकृत सुभाष ठाकुर, नगर प्रवक्ता अर्जन सिंहसहितका वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

# किर्ते आरोपमा पक्राउ परेका सहनी निर्दोष रहेको परिवारको दाबी

प्रमुख प्रशासकीय अधिकृतको किर्ते हस्ताक्षर गरेको आरोप लागेका गरुडा नगरपालिकाका कर्मचारी रामनारायण सहनीको निर्दोष रहेको परिवारले दाबी गरेका छन् ।

उनीहरुले नेपाल पत्रकार महासंघ रौतहट शाखाको सभाहलमा शुक्रबार दिउँसो पत्रकार सम्मेलन गरी सहनी निर्दोष रहेको बताउँदै निष्पक्ष छानबिन गर्नुपर्ने माग गरेका हुन् ।

सहनीको परिवारजनले किर्ते हस्ताक्षर गरेको आरोप आधारहीन रहेको बताएका छन्। छठपर्वको बेला आफ्नो श्रीमानको नाममा नगर प्रमुख कन्थमनी जयवालले दाउरा, सिपुली र साडी वितरण गर्न ५ लाख रुपैयाँ पेश्की निकासा गराएको रामनारायणकी पत्नी लालवती देवीले बताइन्।

सोही पेशकी रकमको फछ्र्यौट गर्नको फाइल लिएर जाँदा कमिसन माग गरेको र नदिँदा किर्ते हस्ताक्षर गरेको भनि झुठा आरोप लगाइ फसाएको उनले आरोप लगाइन् ।

एक जना कार्यालय सहयोगीले फाइल हस्ताक्षर




गराइ ल्याएर दिएको र सो फाइल बुझाउन जाँदा प्रहरीले आफ्नो निर्दोष पतीलाई पक्राउ गरेर लगेको उनले दुखेसो पोखिन् ।

यता प्रमुख प्रशासकीय अधिकृत भुदेव झाले आफूले कुनै किसिमको कमिसन माग नगरेको बताएका छन्। आफ्नो किर्ते हस्ताक्षर भएछि प्रहरीलाई खबर गरेको उनले बताए ।

यता नगरप्रमुख कन्थमनी जयसवालले रामनारायण सहनीले किर्ते हस्ताक्षर गरेको भनि आफू हाकिम, योजना शाखा प्रमुख र लेखाप्रमुख समक्ष स्वीकार गरेको बताए । उनले यसअघिको स्थानीय सरकारमा पनि यस्तै किसिमको नक्कली हस्ताक्षर गरेको खुलासा गरे । मेयर जयसवालले भने पेश्की निकासा भएको योजनाको बिल भरपाई हुँदाहुँदै पनि किर्ते हस्ताक्षर गर्नुको कुनै औचित्य नरहेको बताए । घटनाबारे सत्यतथ्य छानबिन हुनुपर्ने उनको भनाइ छ ।

हाकिमको किर्ते हस्ताक्षर गरी बिल पास गराउन खोजेको भन्दै रौतहटको गरुडा नगरपालिका कार्यालय गरुडामा कार्यरत कर्मचारी सहनीलाई प्रहरीले पक्राउ गरेको थियो ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**सल्लेरी, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

**गोदाम घर निर्माण सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको पुनः प्रकाशित सूचना**

**दोस्रो पटक प्रकाशित मिति-२०८०/०२/१३**

यस कार्यालयको निम्न बमोजिमको निर्माण कार्य शिलबन्दी दरभाउपत्र मार्फत गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुलाई कार्यालयमा प्रकाशित विस्तृत सूचनामा उल्लेख भएको शर्तहरुको अधिनमा रही यस कार्यालयबाट खरिद गरी शिलबन्दी दरभाउपत्रमा नाम, ठेगाना स्पष्ट लेखी पूर्ण खामबन्दी गरी यस कार्यालयमा कार्यालय समयभित्र पेश गर्न सम्बन्धीत सबैको जानकारीका लागि पुनः १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र **०३८-५२०१३२** (कार्यालय), **९८५२८२८००१** (सुचना अधिकारी) वा **९८५२८५५३३३** (लेखापाल) सँग सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**तपशिलः-**

| क्र.सं. | शिलबन्दी दरभाउपत्र नं. | निर्माण कार्यको विवरण | लागत अनुमान रकम (भ्याट बाहेक) रु. | धरौटी/बैंक जमानत रकम रु. | शिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | DAO-SBCW-01-2079/80 | गोदाम घर निर्माण | १७,१०,१६०१९७ | ५१,०००/- | १,०००/- | |

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०१/२१ मा दर्ता भएको **प्रा.लि. नं. १४८६३५** को **बाला मिस्सा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/१३**

**देव पोलिक्लिनिक प्रा.लि.** को मिति २०८०/०१/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **देव जनता हस्पिटल प्रा.लि. (प्रा.लि. नं.: २७९८१५)** कायम गर्ने गरी मिति २०८०/०१/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ब्लिस्सफुल जर्नी ट्राभल्स एण्ड टुर्स प्रा.लि. को**
**हकदावी गर्न आउने बारे ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०७/१८ मा दर्ता भएको **प्रा.लि. नं. २२७४६८/०७६/०७७** को **ब्लिस्सफुल जर्नी ट्राभल्स एण्ड टुर्स प्रा.लि.** को मिति २०८०/०२/११ गतेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**थापागाउँ, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८, इमेलः advsanjay200@gmail.com**

**साउदीमा रोजगारको अवसर | कम्पनी: AOLLA COMPANY LTD. शहर: TABUK**

पूर्व स्वीकृत मितिः २०८०/०२/११ चलानी नं.: ६०२०२००९ L.T. No.:286571

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ २१ गते (4 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८८३८०, ४३८२५३३, फ्याक्स: ४३८८३८१

**यूएईमा रोजगारको अवसर | कम्पनी : FLEX FACILITY MANAGEMENT LLC शहर: DUBAI**

पूर्व स्वीकृत मितिः २०८०/०२/१२ चलानी नं.: ६०२०२०१८ LT. No.:286646

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard ( Famale) | 0 | 25 | स. काममा दक्ष | 1200 | ४३,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २० गते (3 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**M.B. Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No.: 9814067324/ 9849362405/ 9851168891/ 98413774012/ 9840842850

# ‘सेनालाई हतियार खरिद गर्नुपर्ने आवश्यकता छैन’



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ जेठ

प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेनालाई शान्ति मिसनका लागि हतियार खरिद गर्नुपर्ने आवश्यकता नै नरहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय संयुक्त राष्ट्रसंघीय शान्ति सैनिक दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा पत्रकारसँग कुराकानी गर्दै उनले संगठनलाई चाहिने आवश्यक हातहतियार पर्याप्त मौज्दात रहेकाले अहिले हातहतियार किन्नुपर्ने आवश्यकता नै नरहेको स्पष्ट पारे ।

प्रधानसेनापति शर्माले भने, ‘युएन मिसनका लागि हतियार नभएर विभिन्न भेहिकलका पार्टस् आवश्यकताका आधारमा सम्बन्धित देश वा नजिकको बजारबाट सुलभ मूल्यमा खरिद गरिनु स्वभाविक भएकाले बजारको अध्ययनका कुरा हुनसक्ने भए पनि हतियार भने खरिद गर्नुपर्ने आवश्यकता छैन ।’

मित्रराष्ट्र चीनसँग विसं २०४५ यता कुनै हतियार खरिद नगरिएको स्पष्ट गर्दै उनले जुनसुकै देशबाट हतियार खरिद गर्नुपरेको खण्डमा सरकारको स्वीकृति लिएर ऐन, नीति, नियमको परिधिभित्र रहेरमात्र प्रक्रिया अघि बढाउन सकिने बताए । केही सञ्चारमाध्यमले सेनाले हतियार खरिद गर्दैछ भन्ने समाचार सम्प्रेषण गरिरहेका सन्दर्भमा उनले कुनै पनि देशबाट हतियार खरिदका लागि हालसम्म प्रतितपत्र(एलसी) नखोलिएको पनि स्पष्ट पारे ।

कुन देशमा शान्ति मिसन खडा भएको हो त्यो मुलुकको माटो सुहाउँदो सवारीसाधन खरिद गरिँदै आएको बताउँदै प्रधानसेनापति शर्माले सत्यतथ्यभन्दा बाहिर गएर कुनै देश वा कम्पनीले आफ्नो स्वार्थ पूरा गर्ने उद्देश्यलाई बल पुग्ने ढंगले समाचार सम्प्रेषण नगर्न सुझाव दिए ।

उनले हुँदै नभएको हतियार खरिदसम्बन्धी विषयमा मुलुकका सरकारका मन्त्री र पूर्वपदाधिकारीको नाम जोडेर अफवाह फैलाउने गरी समाचार सम्प्रेषण नगर्न ध्यानाकर्षण गराउँदै शान्ति मिसनमा प्रयोग भएका सवारीसाधनका लागि आवश्यक पार्टपूर्जा भने विश्वका जुनसुकै देशबाट खरिद गर्न सकिने बताए ।

### राष्ट्रसंघको झण्डोत्तोलन

प्रधानसेनापति प्रभुराम शर्माले संयुक्त राष्ट्रसंघको विश्व शान्तिकार्यको उद्देश्य पूरा गर्न नेपाली सेना प्रतिबद्ध रहेको बताएका छन् ।

काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रमा आयोजित अन्तर्राष्ट्रिय संयुक्त राष्ट्रसंघीय शान्ति सैनिक दिवस समारोहमा उनले शान्ति स्थापनामा सेनाको सहभागिताले नेपालको प्रतिष्ठा बढाउन योगदान पुर्‍याएको उल्लेख गरे ।

समारोहमा प्रधानसेनापति शर्माले त्यहाँस्थित वीर स्मारकमा पुष्पहार अर्पण गर्नुका साथै राष्ट्रसंघ शान्ति सेनाको झण्डोत्तोलन गरे ।

शान्तिकार्य निर्देशक सन्तोषबल्लभ पौडेलले विश्वभर राष्ट्रसंघले विश्वशान्ति जस्तो पवित्र कार्यका लागि नेपाली सेनाले देखाएको विशिष्ट आँट, योगदान र बलिदानका लागि मान्यता प्रदान गरेको बताए ।

समारोहमा प्रधानसेनापति शर्माले विश्व शान्तिकार्यमा परिचालित हुने क्रममा बलिदानी दिने साहसिक सैनिकका परिवार र योद्धालाई पदक र कदरपत्र प्रदान गरी सम्मान गरे । राष्ट्रसंघको निस्वार्थ शान्तिकार्यमा योगदान पुर्‍याउने मरणोपरान्त सैनिक, प्रहरी र नागरिकलाई राष्ट्रसंघका पूर्वमहासचिव ड्याग ह्यामर सोल्डका नाममा स्थापित पदक र प्रमाणपत्र प्रदान गरिएको हो ।

उक्त सम्मान शान्ति मिसनमा खटिँदाको अवस्थामा वीरगति प्राप्त गर्ने सवारी साधनका प्राविधिक पिताम्बर थापा, सिपाही दीपेन्द्र वस्ती र पशुपति कार्कीका धर्मपत्नीलाई प्रदान गरिएको थियो ।

समारोहमा सहसेनानी कैलाशकुमार बस्नेत, जमदार गोविन्द थापा र हुद्दा हिक्मत तामाङलाई सम्मानपत्र प्रदान गरिएको थियो । नेपाली सेनाले विगत ६८ वर्षको अवधिमा विश्वका ४४ शान्ति मिसनमा खटिई योगदान पुर्‍याइसकेको छ । हालसम्म एक लाख ४५ हजार तीन सय ५६ शान्ति सैनिकले राष्ट्रसंघको शान्ति पदक प्राप्त गरिसकेका छन् ।

# वडा अध्यक्ष र सचिवविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनकपुरधामव उपहानगरपालिका वडा नं ११ का वडा अध्यक्ष अर्जुन कुमार चौधरी र वडा सचिव माधव कुमार रायविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले वडा अध्यक्ष चौधरी र वडा सचि व रायविरुद्ध जग्गा दर्ता कायम गर्ने सर्जमिन मुचुल्काको रोहबरमा दस्तखत गर्न सेवाग्राहीसँग घुस लिएको अभियोगमा शुक्रबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

चौधरी र रायलाई अख्तियार बर्दिबासबाट खटिएको टोलीले जग्गा दर्ता कायम गर्ने सर्जमिन मुचुल्काको रोहबरमा दस्तखत गर्न सेवाग्राहीसँग ५० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा पक्राउ गरेको थियो ।

उनीहरुविरुद्ध ५० हजार रुपैया बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (ख) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) वमोजिम जरिवाना सजायसमेत हुन मागदाबी लिई भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

# सप्तरीका विद्यार्थीलाई ‘दि केरला स्टोरी’ देखाउन पत्र, अभिभावकको आपत्ति

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १२ जेठ

भारतका विभिन्न प्रदेशमा प्रतिबन्ध लगाइएको विवादास्पद चलचित्र ‘दि केरला स्टोरी’ सप्तरीका विद्यार्थीहरुलाई देखाउन हिन्दू सम्राट सेना नामक संगठनले प्रत्येक विद्यालयलाई पत्र पठाएको छ ।

उक्त संगठनका सप्तरी जिल्ला अध्यक्ष सुरेन्द्र दासले सो चलचित्र विद्यार्थीलाई देखाउने एउटै उद्देश्य जनचेतना जगाउने भएको बताएका छन् ।

‘स्कूल-स्कूलमा संगठनले आधिकारिक रुपमा पत्र पठाएको छ’ उनले भने, ‘पत्रमा चलचित्र हेर्न अनुरोध गरिएको छ । हामीले पैसा चन्दा उठाएर विद्यार्थीलाई निःशुल्क चलचित्र देखाइरहेका छौं ।

सो संगठनले जिल्लामा उक्त चलचित्र सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्रालाई निःशुल्क देखाउने गरी अभियान नै चलाएको छ । यसैबीच महादेवा गाउँपालिका-३ मा रहेको श्री द्वारिका श्री लाल सातनी यादव उच्च माध्यमिक विद्यालय बथनाहामा




अध्ययनरत कक्षा ८, ९ र १० का छात्रछात्राहरुलाई राजविराजस्थित शिवशंकर सिनेमा हलमा लगेर उक्त चलचित्र देखाइएको छ ।

विद्यार्थीहरुलाई उक्त चलचित्र देखाइएकोप्रति अभिभावकहरुले भने आपत्ति जनाएका छन् । त्यसरी विद्यालयमा अध्ययनरत किशोरकिशोरीहरुलाई विद्यालयको समन्वयमा उक्त चलचित्र देखाउन लग्नु सान्दर्भिक नभएको भन्दै अभिभावकहरुले आपत्ति जनाएका हुन् ।

उनीहरुले सो संगठनको गतिविधि अराजक भएको बताएका छन् । अभिभावकहरुले विद्यालय सबै धर्म, जात र समुदायको साझा मन्दिर भएकाले यसमा कुनै विशेष धर्मका संगठनले छात्रछात्रालाई प्रयोग गर्न नमिल्ने बताएका छन् । यता विद्यालयका प्रधानाध्यापक युद्ध नारायण यादवले भने विद्यालयको अनुमति विनानै विद्यार्थीहरुलाई लगिएको बताएका छन् ।

‘संगठनका कार्यकर्ताले विद्यालयमा आएर छात्रछात्रालाई चलचित्रबारे जानकारी गराए । त्यसपछि उनीहरुले चलचित्र हेर्न प्रेरित गरे । छात्रछात्राले स्व-इच्छाले हलमा गएर चलचित्र हेर्ने निर्णय गरेका हुन् । यसमा विद्यालयको कुनै दोष छैन’ उनले भने ।

## राजबिराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**राजविराज, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/२/१३**

यस कार्यालयबाट मिति २०८०/०१/०८ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आहवानको सूचना Invite मार्फत तोकिएको मिति भित्र दर्ता हुन् आएका विधुतीय बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिलमा उल्लेखित बोलपत्र प्राविधिक तथा आर्थिक तवरले सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का न. | निर्माण कार्यको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाताको | | रकम रु. (मु. अ. क. तथा प्रोभिजनल सम सहित) |
|---|---|---|---|---|
| | | नाम | ठेगाना | |
| Rmun RJB-SAPT-BCN-W-NCB-03-2079/080bidding | Construction of Primary Health Post Building at Rajbiraj Municipality Ward No.9 | Hama Hama Construction & Engineering Pvt. Ltd. | Kalyanpur, Siraha | **52,33,245.70** |

**प्रमुख प्रशासकीय अधिकृत**

## बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चकचकी, झापा**
**कोशी प्रदेश, नेपाल**

### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०२/१३**

यस कार्यालयको चालु आ.व.२०७९/०८० मा तपशिल बमोजिमको कार्यक्रम अन्तर्गत ५०% अनुदानमा सामग्री वितरण गर्ने कार्यक्रम अनुसार सामग्री आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक रजिस्टर्ड कम्पनी/फर्म तथा सप्लायर्सहरुबाट सामान आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर देहाय बमोजिम शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**तपशिल :**

| क्र. स. | विवरण | लागत अनुमान रकम (मु.अ.क. समेत) (रु.) | धरौटी रकम (रु.) | दरभाउपत्र दस्तुर (रु.) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | तेल्हन बाली प्रवर्द्धन कर्यकम । | १०,६९,९४२।०४ | ३२,०००।- | १,०००।- | २०८०/०२/२८ गते दिनको १२ बजे | २०८०/०२/२८ गते दिनको २ बजे |
| २ | तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता । | ११,९९,८३७४४ | ३५,०००।- | १,०००।- | २०८०/०२/२८ गते दिनको १२ बजे | २०८०/०२/२८ गते दिनको २ बजे |
| ३ | नयाँ मकैबाली पकेट विकास कार्यक्रम सञ्चालन । | १७,६८,७५७५३ | ५३,०००।- | १,०००।- | २०८०/०२/२८ गते दिनको १२ बजे | २०८०/०२/२८ गते दिनको २ बजे |

**शर्तहरु :**

१) शिलबन्दी दरभाउपत्रको माथी उल्लेख गरिए बमोजिमको दस्तुर तिरी प्राप्त गरेको रसिद, आ.व. **२०७९/०८०** का लागि नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.क. मा दर्ता भएको प्रमाण पत्र र आ.व. **२०७८/०७९** को कर चुक्ता प्रमाण पत्र निवेदन साथ संलग्न राखि यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२) शिलबन्दी दरभाउपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी आपूर्तिकर्तीको नाम, ठेगाना, कामको विवरण र फोन नं. स्पष्ट उल्लेख गरि फर्मको छाप लगाई लाहाछापद्वारा शिलबन्दी गरि शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

३) यस कार्यालयबाट बिक्री नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र शिलबन्दी दरभाउपत्रको व्यहोरा फरक परेको, शिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

४) शिलबन्दी दरभाउपत्र दाताले धरौटी वापतको रकम यस कार्यालयको नाममा माछापुच्छे बैंक लि. राजगढको धरौटी खाता नं. ०८३००८७०५००००६२ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त **‘क’ वर्गको बैंकबाट** जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको जमानत (विडवण्ड) पेश गर्नुपर्नेछ ।

५) शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन शिलबन्दी दरभाउपत्र खरिद गर्न, दाखिला गर्न र खोल्न सकिनेछ ।

६) पेश भएको शिलबन्दी दरभाउपत्र कबोल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(७) पेश भएका शिलबन्दी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जताई वा नजताई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालय सुरक्षित रहनेछ ।

८) खरिद गरिने सामग्री तोकिएको स्पेसिफिकेशन अनुसार गर्नु पर्नेछ । यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९) यस सम्बन्धी थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



कथा

# अकल्पनीय दृश्य



■ रीता ताम्राकार



> उसका नेत्रहरू विस्फारित भए । अकल्पनीय दृश्य उसका सामु थियो । शिशिरको चिसो सिरेटोमा पनि निथ्रुक्क पसिनाले भिज्यो ऊ । ऊ केही बोल्न खोज्यो । चिच्याउन खोज्यो । शब्दहरू अवरुद्ध भए । तर पनि बल गरेर घोद्रे स्वरमा चिच्यायो- "बुबा .... बुबा .... !" उसले खोजेको अनुहार त्यही भिडमा मिसिएको थियो, तर जसले उसलाई चिनेन ।

एउटा भव्य लजको शानदार कोठामा शिशिरले उन्मुक्त फराकिलो श्वास फेर्‍यो र निर्धक्क लमतन्न पल्ट्यो । केही दिन स्वतन्त्र जीवन जिउन चाहन्छ ऊ । तर थाहा छ उसलाई अब जीवनका लागि नयाँ गोरेटो पहिल्याउनु पर्नेछ । नयाँ अस्तित्व खोज्नु पर्नेछ । र जीवनरूपी पुस्तकका लागि नयाँ अध्याय कोर्नुपर्नेछ ।

आज एउटा सिङ्गो आज । निश्चिन्तताको ओढ्ने ओढेर अवरोधहिन निन्द्रा निदाउने दाउमा छ ऊ । स्वप्न जगतमा चहार्दै बादलुको थुम्कामा लुकामारी खेल्ने मन छ उसलाई । वर्षाको पानी भई वर्षिएर भूमी सिँच्न मन छ । अनि लालीगुँरास भई निर्धक्कसँग पहाड कन्दरामा फुल्न मन छ । साँच्चै ऊ बिपनामा पनि काल्पनिक स्वप्न देख्दछ ।

कोठामा निस्तब्धता छाएको छ । किनकिन आज उसलाई यो शून्यता असिमित मन परिरहेको छ । हुन त यस शून्यताले नजानिँदो व्यंग्य गरिरहेको छ उसलाई । तर त्यसलाई तिरस्कार गरेर पन्छाउन सकिरहेको छैन । तर पनि रमाईलै मानिरहेको छ ऊ । बाल्य अवस्थादेखि आजको प्रौढ अवस्थासम्मका मनोकांक्षा र अपेक्षा के-कति र कस्ता थिए, ती कसरी आए अनि कसरी परिवेश र परिस्थितिका भुमरीभित्र हराउँदै, बिलाउँदै गए, त्यसको लेखाजोखा गर्ने काम पनि शिशिरले भोलिका लागि नै थन्क्याएको छ ।

ऊ जीवनसँग गाँसिएका विविध बन्धनहरू सम्झन चाहँदैन । जससँग ऊ आज कुनै नाता नै राख्न चाहँदैन । मात्र आफ्ना उन्मुक्त पललाई रुपान्तरण गराएर निलगगनको वल्लो क्षितिजदेखि पल्लो क्षितिजसम्म उडाउन चाहन्छ । उसभित्रको तन्द्राको वैचारिक क्रम त्यसबेला टुंगिन्छ जुनबेला ढोकाको कलबेलले कोठाको निस्तब्धता र सून्यतालाई खलबल्याईदिन्छ ।

आफ्नो स्वप्न प्रवाहलाई दिमागको एक कन्दरामा थन्क्याएर ऊ भन्छ "ढोका खुल्लै छ, आउन सक्नुहुन्छ ।"

"सर ! के टर्क्याऊ हजुरलाई ?"वेटर अर्डरबुकमा लेख्न आतुर छ ।

"एक बोतल ह्विस्की, दुई सोडा, चिकन रोष्ट, बदामको चटनी र एक डब्बा पाँचसय पचपन्न चुरोट ।" उसले अर्डर गर्‍यो ।

केहीछिनमा नै सबै चिज उसको सामुन्ने हाजिर । "सर ! कृपया हजुरलाई कुनै कुराको जरुरत भएमा त्यो स्वीच दबाउने कष्ट गरिदिनु होला ।" शिष्टाचार प्रदर्शन गर्दै वेटर फर्क्यो ।

ऊ आज आफूलाई नशामा डुबाएर सम्झनाको छालबाट ओभानो राख्न चाहन्छ । तर के त्यो सम्भव छ ? तर शिशिरलाई त त्यस्तो भएन । जतिजति नशामा डुब्दै गयो उसको मनमस्तिष्कमा सम्झनाका बाढीहरू तँछाडमछाड गर्दै हाम फाल्न थाले । उसले नशाकै सुरमा कयौं पटक टाउको झट्कारेर त्यसलाई हटाउने प्रयास गर्‍यो तर, पन्छनुको साटो सम्झना लिसो भएर टाँसिन थाल्यो उभित्र ।

..... सम्झना एक ......

"खै शिशिर सर ?"

"घरमा हुनुहुन्न, बाहिर जानुभएको छ ।"

"यो बहाना पुरानो भइसक्यो । खुरुक्क बोलाउनुस् ।"

"हुनुहुन्न भनेपछि पत्याउनुस् न ।"

"पत्याउने ठाउँ राखेकै छैन । घरमा हुँदाहुँदै ढाँट्ने कस्ता सिल्ली तपाईंहरू ?"

आउनेहरू छेकथुन पर्वाह नगरी कोठामै पुग्छन् ।

"क्या हो शिशिर सर ? बैना लिएपछि जग्गा पास गरिदिनु पर्दैन ?"

"जग्गा नदिने भए पैसा फिर्ता गर्नुपर्‍यो । मुखै नदेखाई लुक्ने ? तपाईंलाई कानुनी दायराभित्र लगेर तपाईंको जायजेथाबाट भएपनि असुल्छु आफ्नो रकम बुझ्नुभो ?"

ऊ बोल्ने शब्दको अभावमा घुटुक्क थुक निल्दै आगन्तुकको कुराले सुकेको कण्ठ भिजाउने प्रयास गर्छ ।

....... सम्झना दुई ......

"बुबा ! पल्लो प्लटबाट आएको बैनाबाट मैले नयाँ मोडेलको बाईक किनेको छु है । त्यसलाई हेलमेट, डिक्की, पेट्रोल खर्च, बाईक सुहाउँदो रेनकोट, बुट, पन्जा किन्नलाई तल्लो प्लटको बैना चलाउँछु ।"

"के नचाहिँदो पागलजस्तो कुरा गर्छस् ! त्यो रकम रूखमा फलेको फल हो र ? जग्गा किनबेच गर्दा नाफा आएको रकममात्र आफ्नो भन्ने थाहा छैन तँलाई ? सबै रकम कहाँ त्यसरी फुर्माईस गर्न मिल्छ ?"

"आफ्नो योजना झुर नबनाउनुस् न बुबा ! त्यत्रो जग्गाको कारोबार गर्नेको छोराले यसो मोज गर्न नपाए बाँच्नुको के अर्थ भयो र ? मैले त रकम हात पारिसकें । अब कुनै हालतमा दिन्न फिर्ता ।"

ऊ छक्क परेर भौतिक सुखसुविधाको उपभोगमा अन्धो बनेको छोराको पिठ्युँ हेरेर उभिरहन्छ ।

...... सम्झना तीन .......

"ड्याडी ! खै मलाई स्कुटी किनिदिन्छु भनिसेको होईन ? मैले त साथीहरूलाई कलेजमा भनिसकेँ । चाँडो किनिदिस्यो न । आज किनिदीइसिन्छ ? भनिस्यो न भन्या ।"

"के को किन्छ छोरी स्कुटी ? व्यवहारको तालमेल मिलाउने नसकेर तिम्रो ड्याडीलाई बानेर लाने बेला भई सक्यो । नकिन्ने स्कुटी, टेम्पोमा नै आउने जाने गर ।"

"नाईं नाईं ड्याडी ! म त मान्दिन । एक दुई तीन मान्दिन के । अस्ति नै भने जग्गा किनबेचको कारोबार मात्र गरूँ न, तिमीलाई स्कुटी पक्का भनिसेको होइन ?" छोरीको एकोहोरो मुर्खताप्रति अवाक् बन्छ ऊ ।

...... सम्झना चार .......

"होइन हजुर ! यत्रो जग्गाको कारोबार गर्ने मान्छे पनि लुरुलुरु हिँडेर हुन्छ भन्या ? मोटर साईकलमा कुद्दा अलि सुहाउँदो हुन्थ्यो । अनि यसो हुलिया र लुगाफाटामा पनि ध्यान दिनुपर्‍यो नि ! कति यो पिलन्धरे अनुहार लगाएर यही एकजोर शर्ट पाईन्टमा मात्र हिंड्नुहुन्छ । अब त यसो फ्रेन्चकट दाह्री राखेर शुटेड-बुटेड भएर हिँड्नुपर्‍यो भनेर कति भन्नु, सुन्ने होइन ।"

"ए बाबा ! मैले कुन त्यस्तो विश्वविजयी काम गरेको छु र छोरालाई नयाँ मोडेलको बाईक, छोरीलाई स्कुटी र तिमीलाई फ्रेन्चकट दाह्री र सुटेड-बुटेड लोग्ने चाहियो ? म त जग्गाको कामबाट भएको नाफाले घरव्यवहार सजिलोसँग चलाउने मनसाय बोकेर यस काममा लागेको । किन तिमीहरू फोस्रो आडम्बरले मलाई त्रसित बनाउँछौ ?"

"अँ ! अब मेरो र छोराछोरीको कुरा कहाँ मन पर्छ त तपाईंलाई ? जमाना कहाँबाट कहाँ पुगिसक्यो । तपाईं भने उही ... !" स्वास्नी फताफताई रहन्छे धेरैबेरसम्म । ऊ सुनेको नसुन्यै गरेर मौन भईदिन्छ । समस्याको दलदलमा निस्कन गाह्रो हुने गरी भास्सिँदै गइरहेछ ऊ ।

........ सम्झना पाँच .........

"बाबु ! यत्रो जग्गाको काम गर्छस् तँ, लौ न बहिनीहरूलाई पनि सम्झी । उनीहरूको सहारा र आश भन्नु नै तँ नै त हो । उनीहरूका लागि पनि यसो बासको बन्दोबस्त गरिदे । तेरो मन भए त्यति गर्न गाह्रो पर्दैन होला नि । त्यति गरिस् भने म सन्तोकले मर्न पाउँछु । लौ न ! मन तातो पार बाबु ।" आमाको आशा ।

"आमा ! मसँग त्यस्तो पैसा नै कहाँ हुन्छ र ? बहिनीहरूलाई घरै बनाई दिने । तपाईंका नातानातिनाका फर्माईस पुरा गर्दा त टुप्पी बिक्न लागिसक्यो ।"

"तँ त निर्दयी नै बनिस् । पहिला त यस्तो थिइनस् । अहिले त खालि स्वास्नी छोराछोरी, अरूको मतलबी छैन तँलाई । मैले भनेजस्तो गर्दैनस् भने म त मरणासन्न भएर सुतिदिन्छु, अन्नजल त्यागेर बुझिस् ?"

उफ् ! कस्तो आफ्नो मादलको ताल, आफ्नै खालको नाँच । के-के न होला भनेर जग्गादलाली काम गरेको जागिरै माया मारेर । अहिले त आफ्नो बुद्दिलाई धारेहात लगाएर सराप्न मन लाग्छ उसलाई । कति अविवेकी हुन्छ मान्छे स्वार्थमा डुबेपछि । स्वार्थको गुजुल्टो फुकाउन नसकेकामा दिक्क हुन्छ ऊ ।

जिन्दगी र व्यवहारसँग विरक्तिएर पलायन भएको निक्कै दिन भइसक्यो । नभागेर उसले धरै पाएन । भागेर शरीर टाढा पुर्‍याउँदा पनि सम्झनाहरू ऊ भन्दा अगाडि नै पुगिसकेका छन् ऊ पुग्ने ठाउँमा । बहुलाउनुभन्दा मर्नु जाति भन्छन् तर मर्न पनि सक्दैन ऊ । पलायन हुनुपर्‍यो गन्तव्यविहिन भएर, त्यो पनि सक्दैन ।

"दुलही ! शिशिर अझै आईपुगेन ? किन अबेर गरेछ ? केही भनेर गएको थियो कि ?"

"खै मुमा ! केही भनेर जानु भएको छैन । सधैँ त यसो गएँ भन्नुहुन्थ्यो । आज त केही नभनी हिँड्नुभएछ । नौ बजिसक्यो आउनुभएको होइन ।"

"खाना खाऊ ! यतिबेलासम्म नआएको मान्छे बाहिरै खाएर आउँछ होला । मचाहिँ सुत्न जान्छु ।"

श्रीमानको प्रतिक्षारत शैलजा मनमा अनेक तर्क खेलाउँछे । कालजमाना खराब छ । बिहानै निस्केको मान्छे अहिलेसम्म न फोन, न खबर, के तालका होलान् । घरमा पिर गर्छ भन्नेपनि त थाहा हुनुपर्ने नि । आएपछि जानेकी छु । पर्खाई पट्यारलाग्दो हुन्छ । कतिबेला ऊ झपक्क निदाइछे । बिउँझदा रातको तीन बजेको रहेछ । शैलजा झस्की यसरी बिना पूर्वसूचना त कहिल्यै गायब भएका थिएनन् । छट्पटाउँछ मन, काँप्छ त कुनै सम्भावित भवितव्यको आशंकाले ।

भोलिपल्ट, पर्सिपल्ट गर्दै न त मान्छे न त खबर भएपछि घरमा कोलाहल त मच्चियो नै । बिस्तारै, आफन्त, इष्टमीत्र, छरछिमेक र समाजमा शिशिरको आश्चर्यजनक वेपत्ताको कुरालाई लिएर अनेक अड्कल काट्न थालियो ।

हरेक घटना दुर्घटनाको पछाडि समाजको दुई पक्षीय मत हुँदो रहेछ । शिशिर वेपत्ता हुनुमा पनि त्यस्तै भयो । उसलाई सकारात्मक नजरले हेर्नेहरू भन्थे "शिशिर हराउनुको पछाडि घरको सदस्यहरूको अबुझपना मुख्य कारण हो । त्यत्रो लाठे छोराको केही भरथेग थिएन । एक्लै गोरुझैँ जितिनु उसको नियति थियो । कहिलेकाहीँ साह्रै विरक्तिएको कुरा गर्थ्यो । घर परिवारमा तालमेल मिलाउन गाह्रो भएर नै ऊ पलायन भएको हो । यस्तो दिन कसैले भोग्न नपरोस् ।"

नकारात्मक पक्षले हेर्नेहरू भन्थे "पच्तई नपच्ने काम गरेपछि परिणाम कहाँ राम्रो हुन्छ र ? एउटा निम्नस्तरको जागिरेले जग्गाको दलाली समात्ने बित्तिकै भूँइ टेक्न छोडीहाल्यो । दुनियाँसँग आकाश पाताल देखाएर बैनाको रुपमा रकम उठायो । त्यही रकम बाबुको बिर्ता र आमाको दाईजो सम्झेर मोज गर्‍यो । नभागी बसे लान्थे पाता कसेर । के ठगीमा पार्नेहरूले मारे त्यसलाई ?"

समाजको मत जेजस्तो भएपनि परिवारलाई शिशिर बेपत्ता हुनुले सामाजिक र आर्थिक विपत्तिमा होमेको छ । छोराको वियोगले बुढीआमा थला परेकी छिन् । लोग्नेको पलायन, सासूको अवस्थाले शैलजाको बोझिलो मनमा पिरको वर्षात् बग्छ आँखाको बाटो हुँदै घरीघरी ।

खोज्ने सम्भावना भएको ठाउँसम्म खोजे कतै मरेका वा मारेका भएपनि लास भेटिनुपर्ने । त्यो पनि छैन । रातदिन आमाको मौन रुवाई, हजुरआमाको बिलौना, बहिनीका पीडाजन्य आँखाले डस्छ छोरो अर्थात् स्वर्णिमलाई । समाजका व्यंग्यमिश्रित शब्दबाणले त झन् बिचलित नै तुल्याउँछ उसलाई । बाबु पलायन हुनुको कारण बिस्तारै पहिल्याउँदै छ ऊ । बाबुले घर छोड्नुपर्ने कारण आफूहरूको असमझदारी हो भनेर बुझ्न थाल्यो । त्यसमध्ये ठूलो दोषी आफैंलाई देख्न थाल्यो । आफ्नो ज्यान लगाएरै पनि बाबुको खोजी गर्ने र व्यवहार व्यवस्थित गर्ने संकल्प गर्‍यो र आफूभित्र उर्जा थपिएको महशुस गर्‍यो ।

एकदिन टाढाको नाता पर्ने आफन्त झुल्किए घरमा । उनको आगमनले पनि खोक्रो सहानुभूति र व्यंग्यमिस्रित शब्दबाण बर्सिने सम्भावनाले सबै त्रस्त भए । "मैले दाईलाई नेपालगन्जमा भेटेको थिएँ । कस्तो-कस्तो बेसुरे हुनुभएछ । धेरै कर गरेपछि बल्ल भन्नुभो, "म घरपरिवारको स्वार्थपूर्ण व्यवहारसँग हारेँ । स्वास्नीको आडम्बरसँग हारेँ । छोराछोरीको अबुझपनसँग हारेँ । आमाको असम्भव इच्छा चाहनासँग हारेँ र घर छोडेर पलायन भएँ । अब जोगी बन्छु, संसारिक मोहजाल त्यागेर" भन्दै हुनुहुन्थ्यो उहाँलाई भेटेको कुरा कसैलाई नभन्न बचन लिनुभयो । मन कहाँ मान्थ्यो ? त्यही खबर गर्न आएको ।"

आगन्तुकको कुराले ठूलै हलचल मच्चियो । अलिकति पाउने आशा, अलिकति गुमाउने डर बोक्दै बाबु खोज्न लाग्यो छोरो पूर्वबाट पश्चिम ।

जीवन जिउने क्रममा मोड र घुम्तीहरूमा आईपर्ने अकल्पित भवितव्यलाई आत्मसात गरेर बाँच्नु मान्छेको बाध्यता हुँदो रहेछ । छोरो स्वर्णिमले यस्तो परिस्थिति भोग्नुपर्ला भन्ने कल्पना नै कहाँ गरेको थियो होला र ! ऊ मनमा अनगिन्ति शंका उपशंकाका आरोह-अवरोहहरूलाई दोहोर्‍याउँदै बाबुको खोजीमा हिँडेको थियो त्यो दिन । बाबुलाई के भन्ने ? कसरी मोहजालमा बाँध्ने ? ऊ अन्यौलमा रुमल्लिरह्यो ।

उसले नेपालगन्जको हरेक लज-होटलमा बुझ्यो, तर हराएको बाबुको पत्ता लागेन । बुझ्नुपर्ने आफन्त कोही छैनन् त्यहाँ । बाबुको जोगी हुन्छु भन्ने शब्दले धार्मिक स्थल पनि चाहार्‍यो तर, सकेन भेट्न । निराशालाई गम्लंग ओढेर फर्क्यो ऊ । हताश निराश स्वर्णिम मनको क्षणिक शान्तिका लागि लुम्बिनीतर्फ लाग्यो ।

त्यहाँका शान्त परिवेश, पवित्र मनोहर गुम्बाहरूमा आफूलाई हराईदियो केही क्षण । उसले त्यहाँको पवित्र वातावरणमा आफूलाई बाँध्न चाह्यो । दिनभरी जस्तो घुमिरह्यो मनको चोट र तनको थाकईसँग ।

साँझपख एक हुल भिक्षुहरू शान्ति र अहिंसाको सन्देश छर्दै हिँडिरहेको देख्यो । उसलाई त्यस हुलमा आँखा गाडी रहन मनलाग्यो । धेरैबेरसम्म लोलाएको नजरले निहारिरह्यो भीड । जब हुल मानिस उसको नजिक आयो त्यसबेला उसको अन्तरमनमा एउटा भूइँचालो गयो । एउटा भयानक सुनामी उर्ल्यो ।

